# इलाम नगरपालिका
# स्थानीय राजपत्र

**खण्ड : ९** **सङ्ख्या : ७** **मिति : २०८२/०८/०९**


## भाग-२

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापन कार्यविधि, २०८२ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापन कार्यविधि, २०८२


**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/०९**
**प्रमाणीकरण मिति : २०८२/०९/०१**


वैज्ञानिक अनुसन्धान, औषधी निर्माण, आयुर्वेदिक तेल, धागो तथा कपडा, जैविक मल, अचार जस्ता खाद्य पदार्थ बनाउन र विविध औद्योगिक उत्पादनमा कच्चा पदार्थको रुपमा भाङ्गाको वनस्पति उपयोगी हुने, इलाम नगर क्षेत्र सो भाङ्गाको खेतीका लागि उपयुक्त भौगोलिक स्थल भएको र भाङ्गा वा भाङ्गाबाट तयार हुने औद्योगिक उत्पादन तथा औषधिको बजार मूल्य उच्च रहने गरेको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ण) बमोजिम कृषि र कृषि उत्पादन व्यवस्थापन स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने हुनाले इलाम नगरपालिका क्षेत्रमा बाँझो जग्गाको उपयोग समेत हुने गरी उल्लिखित प्रयोजनका लागि कच्चा पदार्थको रुपमा प्रयोग हुने भाङ्गालाई नियन्त्रित ढङ्गले व्यावसायिक रुपमा खेती गराई अन्तराष्ट्रिय बजारसम्म बजारीकरणको पहुँच पुऱ्याई सोको विक्रीमार्फत स्थानीय कृषकहरुको आयस्तर बढाउने र भाङ्गा खेतीमा आधारित उद्योगहरु स्थापना गर्ने कार्यलाई व्यवस्थापन गर्न स्थानीय नीति तथा कानुन बाञ्छनीय भएको हुनाले इलाम नगरपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन २०७४, कृषि ऐन, २०८०, कृषि उपज बजारीकरण योजना, २०८१ समेतको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो **भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापन कार्यविधि, २०८२** जारी गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ :-

(क) यस कार्यविधिको नाम **"भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापन कार्यविधि, २०८२"** रहेकोछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

### २. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कृषक"** भन्नाले यस कार्यविधि बमोजिम भाङ्गा खेती गर्नका लागि वडा कार्यालयबाट अनुमति प्राप्त व्यक्ति र अनुमति प्राप्त कृषकहरुको समूह, संस्था, कम्पनी वा कृषि सहकारी समेतलाई जनाउँछ।

(ख) **"भाङ्गा"** भन्नाले भाङ्गाको विरुवा/बोट, पात, फूल, बिउ वा फल, डाँठ सम्झनु पर्छ र यस शव्दले भाङ्गा जातको वनस्पतिबाट प्राप्त हुने कच्चा पदार्थ समेतलाई जनाउँछ।

(ग) **"नगरपालिका"** भन्नाले इलाम नगरपालिका सम्झनुपर्छ।

(घ) **"नगर प्रमुख"** भन्नाले इलाम नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ङ) **"समिति"** भन्नाले भाङ्गा खेती अनुगमनको लागि गठित नगरस्तरीय तथा वडास्तरीय समिति सम्झनुपर्छ।

## ३. नगर अनुगमन समिति :-

(१) स्थानीय तहबाट अनुमति प्राप्त कृषकबाट प्रचलित मापदण्ड बमोजिम भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापनलाई प्रभावकारी ढङ्गले अनुगमन तथा रेखदेख गर्नका लागि उपप्रमुखको संयोजकत्वमा देहाय अनुसारको समिति रहनेछ । वडा कार्यालयबाट प्राप्त तत्सम्बन्धी सिफारिसहरु यस समितिको निर्णयानुसार कार्वाहीको लागि अगाडि बढाइनेछ र अनुमति दिने वा नदिने सम्बन्धी निर्णय समेत यसै समितिको निर्णयानुसार हुनेछ ।

उपप्रमुख – संयोजक

आर्थिक समितिको संयोजक – सदस्य

नगर प्रमुखबाट मनोनित महिला कार्यपालिका सदस्य १ जना – सदस्य

कृषकहरुमध्येबाट नगर प्रमुखबाट मनोनित २ जना – सदस्य

उ.वा.संघको प्रतिनिधि १ जना – सदस्य

कृषि विकास शाखाका शाखा प्रमुख – सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकका सहभागीहरुलाई बजेटको उपलब्धतालाई ध्यानमा राखेर बैठक भत्ताको व्यवस्था गर्न सकिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) वडा अनुगमन समितिको प्रतिवेदन अनुसार समितिले आवश्यक कारवाही गर्नेछ ।

## ४. वडा अनुगमन समिति :-

(१) वडामा प्रचलित मापदण्डबमोजिम भाङ्गा खेती प्रवर्धन तथा व्यवस्थापनको कार्य अनुगमन तथा रेखदेख, कारवाही सिफारिस, बजार व्यवस्थापन सिफारिस, अनुमति सिफारिस, अनुदान तथा सहुलियत ऋण सिफारिस लगायतका काम गर्नका लागि वडाध्यक्षको संयोजकत्वमा देहाय अनुसारको समिति रहनेछ ।

सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक

वडाका निर्वाचित महिला तथा दलित वडासदस्यहरु – सदस्य

कृषकहरु मध्ये नगर प्रमुखबाट मनोनित १ जना सदस्य – सदस्य

उ.वा.संघको प्रतिनिधि १ जना – सदस्य

सम्बन्धित वडाको वडासचिव – सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकका सहभागीहरुलाई बजेटको उपलब्धतालाई ध्यानमा राखेर बैठक भत्ताको व्यवस्था गर्न सकिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. भाङ्गा खेती (उत्पादन, बिक्री वितरण र बजारीकरण) प्रबर्धन सम्बन्धी व्यवस्था :-

(१) भाङ्गा उत्पादन, बिक्री वितरण तथा बजारीकरण देहाय अनुसार हुनेछ :

(क) भाङ्गा खेती गर्न इच्छुक कृषकहरुले जग्गा रहेको वडा कार्यालयमा टोल विकास संस्थाको सिफारिस र आवश्यक प्रमाण कागजातसहित आवेदन गरी वडा अनुगमन समितिबाट अनुगमन गराई तोकिएको दस्तुर बुझाई अनुमति लिएर मात्र गर्नु पर्नेछ । अनुमति पत्रको सिफारिस नगरपालिकामा पठाउने दायित्व वडा कार्यालयको हुनेछ । अनुमति पत्रको बोद्यार्थ प्रति संघीय तथा प्रादेशिक सरकारको सम्बन्धित निकाय र वडा कार्यालयमा पठाउने दायित्व नगरपालिकाको हुनेछ ।

(ख) आवेदनमा खेती गरिने जग्गाको विवरण, भाङ्गाको जाति प्रजाति, रोपिने बोट संख्या, विरुवा सप्लाइ गर्ने सप्लायर साथै कृषि प्राविधिकको नाम ठेगाना सम्पर्क नं. लगायतका बुँदाहरु र एकै प्लटमा अवस्थित न्यूनतम ५ रोपनी जग्गामा खेती गर्ने व्यहोरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ग) औषधीय र औद्योगिक प्रयोजनका लागि नियन्त्रित ढङ्गले प्रचलित मापदण्ड पालना गरी भाङ्गा खेती प्रवर्धन गरिने हुँदा भाङ्गाको अर्गानिक र गुणस्तरीय उत्पादनमा ध्यान दिनु पर्नेछ । रासायनिक मल र रासायनिक विषादीको प्रयोग गर्नु परेमा तोकिएको कृषि प्राविधिकको सिफारिस अनिवार्य हुनेछ ।

(घ) भाङ्गा खेती गरिने जग्गामा भमरिलो कीरा, सुन कीरा, शिकारी कीरा समेत बस्न अनुकूल हुने गरी सो कीराको लागि

जैविक आवास अनुकूलन गर्नु पर्नेछ ।

(ङ) भाङगा खेती गरिएको जग्गामा प्रति रोपनी न्यूनतम १ वटा सेरेना जातको मौरी पालन समेत गर्नु पर्नेछ र सो जग्गालाई बाँझो रहन नदिन बहुबाली कृषि प्रणाली अवलम्बन गर्दै कृषि प्राविधिकको सिफारिस अनुसार अलैंची, अदुवा, बेसार, आलु, तुलसी, लेमनग्रास, अश्वगन्धा लगायतका वनस्पति लगाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) भाङ्गा खेती गर्दा नजिकको समुदायमा असर नपर्ने गरी, सरोकार बाहिरका व्यक्तिको सहज प्रवेश नहुने गरी भाङ्गा खेती गरिएको स्थललाई तारबारा गरेर सुरक्षित ढङ्गले गर्नु पर्नेछ । यस कार्यविधिको अधीनमा रही भाङ्गा खेतीका लागि प्रत्येक पटक के कति परिमाणमा विरुवा रोपियो, सोको तथ्याङ्क जानकारीका लागि टोल विकास संस्था र वडा कार्यालयमा दिने दायित्व भाङ्गा कृषकमा रहनेछ । भाङ्गा खेती गरिएको स्थल निरीक्षण तथा अनुगमनका लागि टोल विकास संस्थाका पदाधिकारी तथा अनुगमन समितिका पदाधिकारीलाई समय समय वा महिनामा न्यूनतम १ पटक बोलाई निरीक्षण/अनुगमन गराई रजिस्टरमा सोको अभिलेख समेत राख्नु पर्नेछ ।

(छ) भाङ्गा कृषकले आफूले उत्पादन गरेको भाङ्गा जथाभावी बिक्री गर्न पाउने छैन, भाङ्गा उत्पादन र बिक्रीको अभिलेख वडा कार्यालयलाई अनिवार्य बुझाउनु पर्नेछ । भाङ्गा खरिद गर्न पाउने गरी नगरपालिकाबाट अनुमति लिएको खरिदकर्तालाई मात्र बिक्री वितरण गर्न सक्नेछ । जथाभावी बिक्री वितरण गरेको पाइएमा अनुमति पत्र खारेज गरी तोकिए अनुसार जरिवाना तथा दण्ड सजाय हुनेछ । जथाभावी बिक्री वितरण तथा ओसारपसार गरेको कारण कुनै कानुनी कारवाही भएमा सोको जवाफदेही भाङ्गा कृषक स्वयम् हुनु पर्नेछ ।

(ज) भाङ्गा खरिदका लागि अनुमति लिने खरिदकर्ताले प्रचलित कानुनबमोजिम पान/भ्याट दर्ता/व्यवसाय दर्ता गराएको हुनु पर्नेछ । भाङ्गा खरिदकर्ताले यस कार्यविधिको प्रस्तावनामा उल्लिखित व्यहोराको विपरीत हुने गरी कुनै कार्य गर्न पाउने छैन । कार्यविधिको प्रस्तावनामा उल्लिखित उदेश्य विपरीतको कार्य गरी कुनै कानुनी कारवाही भएमा सोको जवाफदेही स्वयम हुनु पर्नेछ ।

(झ) यस कार्यविधि बमोजिम गठित अनुगमन समितिको निर्देशन अनिवार्य पालना गर्नु पर्नेछ ।

## ६. भाङ्गा खेतीका लागि अनुमती प्रदान गर्ने प्रकृया :-

क. यो कार्यविधि पारित भएपछि नगर अनुगमन समितिको निर्णय बमोजिम इलाम नगरक्षेत्र भित्र भाङ्गा खेति गर्न इच्छुक कृषक कृषि फर्म वा कृषि सहकारी संस्थाहरुबाट आवेदन माग गरि सूचना प्रकाशन गर्नु पर्नेछ ।

ख. भाङ्गा खेती गर्न इच्छुक कृषक कृषि फर्म वा कृषि सहकारीले निम्न कागजात सहित वडा अनुगमन समिति मार्फत नगर अनुगमन समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

१. कृषकको हकमा नागरिकताको प्रमाण पत्र,
२. कृषि फर्म वा सहकारीको हकमा दर्ता प्रमाण पत्र स्थायी लेखा नम्बर कर चुक्ता प्रमाण पत्र
३. एउटै चक्ला बन्दिमा रहेको आफ्नै नाममा रहेको वा अन्य जग्गाधनिबाट कुनै शर्तमा लिएको न्यूनतम ५ रोपनी जग्गाको धनिपुर्जा र भुमीकर तिरेको प्रमाण
४. सम्वन्धित टोल विकास संस्थाको निर्णय सहितको सिफारिस
५. भाङ्गा खेतीबाट उत्पादित उपजको प्रचलित कानुन बिपरित कारोबार वा प्रयोग नगर्ने वा गर्न नदिने स्वघोषणा

ग. निवेदन प्राप्त भएपछि वडा अनुगमन समितिको निर्णय सहित वडा कार्यालयले नगर अनुगमन समितिमा सिफारिस सहित सक्कलै निवेदन पेश गर्नु पर्ने छ ।

घ. वडा कार्यालयहरुबाट प्राप्त निवेदन र सम्वन्धित कागजातहरुको छानविन गरि नगर अनुगमन समितिले लिखित रुपमा प्रारम्भिक अनुमति प्रदान गर्नु पर्ने छ ।

ङ. प्रारम्भिक अनुमति प्राप्त गर्ने पक्षले नगर अनुगमन समितिले तोकेको अवधि भित्रमा खेती गरिने जग्गामा तोकिएका संरचना तथा मानिस वा जनावर पस्न नसक्ने गरि तारबेरा लगायतका पूर्वाधार निर्माण गर्नु पर्ने छ ।

च. नगर अनुगमन समितिले खेती गरिने जग्गामा निर्माण भएको पूर्वाधार संरचनाको निरीक्षण गरि उपयुक्त देखेमा भाङ्गा खेतीका लागि यस कार्यविधिमा उल्लेखित शर्तहरु सहित संझौता गरि लिखित रुपमा अनुमति प्रदान गर्ने छ ।

## ७. भाङ्गा खेति गर्नेले पुरा गर्नु पर्ने शर्त र प्रकृया :-

क. भाङ्गा खेतिको अनुमति प्राप्त गर्ने पक्षले निम्न शर्तहरु पुरा गर्नुपर्नेछ ।

१. एउटै चक्ला वन्दीको न्यूनतम ५ रोपनी जग्गाको व्यवस्था गर्नुपर्ने।

२. खेती गरिने जग्गामा अनधिकृत व्यक्ति वा कुनै पनि जनावर पस्न नपाउने गरि पर्खाल वा तारबेरा गरि ताला चाबी लगाउने गरि संरचना निर्माण गर्नुपर्ने।

३. वडा अनुगमन समितिको प्रत्यक्ष रेखदेखमा भाङ्गा खेतीका लागि बिरुवा रोपी विरुवाको संख्या सहितको स्थलगत मुचुल्का सहित वडा अनुगमन समिति मार्फत नगर अनुगमन समिति समक्ष विवरण पेश गर्नुपर्ने ।

४. मासिक रुपमा वडा अनुगमन समितिबाट भाङगा खेती र बिरुवाहरुको निरीक्षण गराइ सो सम्वन्धी विवरण सम्वन्धित निकायहरुलाइ नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

५. यस कार्यविधि बमोजिम भाङ्गाको फूल नष्ट भएपछि बिक्री भएको परिमाण र खरिद गर्ने पक्षको विवरण बिक्रि गरेको एक हप्ता भित्रमा वडा अनुगमन समिति मार्फत नगर अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

## ८. भाङ्गा खेतिको उत्पादन सोको नियन्त्रण र बिक्री प्रकृया :-

क. रोपिएका विरुवा हराउन नासिन नदिने व्यवस्था गरि खेती गर्नु पर्नेछ।

ख. भाङ्गाको बिरुवाबाट लागु पदार्थ समेतमा प्रयोग हुने फुल तयार हुनु भन्दा कम्तिमा १ हप्ता अगाडी वडा अनुगमन समिति मार्फत नगर अनुगमन समितिमा जानकारी गराउनु पर्नेछ । नगर अनुगमन समितिले सर्वपक्षीय उपस्थितिमा स्थानीय प्रशासन मार्फत कानुन बमोजिम सो फुल नष्ट गरिसकेपछि भाङ्गाको बिरुवाका अन्य भागहरु नगरपालिकाले तोकेको ब्यक्ति वा संस्थाहरुलाई मात्र बिक्री वितरण गर्नु पर्नेछ ।

## ९. विविध :-

(१) यस कार्यविधि बमोजिम भाङ्गा खेतीको प्रवर्धन तथा व्यवस्थापनका लागि नगरपालिकाबाट प्रचलित मापदण्डबमोजिम अभिमुखीकरण कार्यक्रम, सिपमूलक तालिम, अध्ययन अवलोकन भ्रमण, पुनर्ताजगी तालिम, कृषि बीमा, अनुदान तथा ऋण सुविधाको व्यवस्था गर्न सकिनेछ।

(२) यस कार्यविधि बमोजिम भाङ्गा खेतीको नियन्त्रित, सुरक्षित र व्यावसायिक प्रवर्धन/व्यवस्थापनका लागि नगरपालिकाले उद्यमशीलता विकास तथा प्रवर्धन कार्यविधि, २०८० बमोजिम समेत आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

(३) यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा उत्पन्न भएमा सोको निरुपण कार्यपालिकाको निर्णयानुसार हुनेछ।

(४) यस कार्यविधिमा कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

(५) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यकतानुसार मापदण्ड तयार गरी लागू गर्न सक्नेछ।

(६) संघीय तथा प्रदेश कानुनसँग यस कार्यविधिका दफाहरु बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि स्वतः निष्कृय रहनेछ।

**आज्ञाले**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत